# थबाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थबाङ, रोल्पा
५ नं. प्रदेश, नेपाल ।

## आवधिक योजना निर्माणको परामर्श सेवा सम्बन्धी प्रस्ताव आव्हान गरिएको सूचना

***सूचना नं. ११/०७५/०७६ प्रथम पटक प्रकाशित मिति : २०७५।०८।०२***

यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार आ.ब. २०७५।०७६ देखि २०७९।०८० को लागि आवधिक योजना निर्माण गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले प्रन्ध्र (१५) दिन भित्र आ.व. २०७५।०७६ मा यस थबाङ गाउँपालिकामा आफ्नो फर्म तथा कम्पनी सूचीकृत गराएका परामर्शदाताहरु बाट तपशिलको शर्तको अधिनमा रही रीत पूर्वक आर्थिक तथा प्राविधिक प्रस्ताब पेश गर्न हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

***पेश गर्नुपर्ने कागजातहरु***

१) प्रस्ताव पेश गर्न ईच्छुक रहेको आबेदन , संस्थाको विस्तृत विवरण , कम्पनी दर्ता नवीकरण, भ्याट, प्यानदर्ता तथा आ.व. २०७४।०७५ को कर चुक्ताको प्रमाणपत्रहरु, संस्थाको प्रोफाईल तथा कार्यानुभव विवरण, संस्थाको बिगत तीन बर्षको बित्तीय कारोबार सम्बन्धी विवरण, संस्थाकालो सुचीमा नपरेको स्वघोषित पत्र एकल परामर्शदाताको हकमा ३ (तीन) बर्षको र दुई वा दुई भन्दा बढी फर्म वाकम्पनीले समूह ,संगठन वा संयुक्त रुपमा परामर्श सेवा दिनेको हकमा बिगत ५ (पाँच) बर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम, स्थान र विवरण तथा नीजको व्यक्तिगत विवरण, संस्थाका प्रमुख कर्मचारीहरु तथा आवद्ध पेशागत विज्ञहरुको व्यक्तिगत विवरण तथा कार्यानुभवको क्षेत्र ।

२) प्रस्तावको फारम रु १५००।- (एक हजार पाँच सय मात्र) तिरी (फिर्ता नहुने गरी) थबाङ गाउँपालिका, गाउँ कार्यपालिका को कार्यालयबाट खरिद गर्न सकिनेछ ।

३) खरिद गरिएको फारमको महलहरुमा स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरि सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गर्न सकिनेछ । १६ औं दिनमा सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिन दर्ता गराउन सकिने छ ।

४) जमानत बापतको धरौटी रकम यस गाउँपालिकाको जनता बैंक नेपाल लिमिटेड थबाङ, शाखामा रहेको धरौटी खाता नं. ११८००९०५७९२०१०४ मा जम्मा गरी त्यसको सक्कलै भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरीएको ७५ दिन म्याद भएको जमानत पत्र प्रस्ताव पत्र साथ पेश गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद, विड वण्ड यो सूचना प्रकाशित भएको मिति पछिको लाई मात्र मान्यता दिईने छ ।

५) यस सूचनामा उल्लेख भएको कुरा सोही सूचना बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

६) प्रस्ताव स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

७) म्याद नाघि, कुनै शर्त राखि वा रीत नपुगी आएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

८) थप जानकारीको लागि यस कार्यालयको फोन नं. ९८५७८२४७५०, ९८०९७७७०३३, ९८०९८५६४११ मा सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं. | विवरण | कूल बजेट | फारम दस्तूर | जमानत रकम |
|---|---|---|---|---|
| ११/०७५-०७६ | परामर्श सेवा | १५,००,०००।- | १५००।- | कबोल अंकको न्युनतम २.५% |

प्रमुख प्रशासकीय अधिकृत